सर्वेक्षणमा सोधिएका व्यक्तिगत विवरणहरू तथ्याङ्क ऐन, २०७९ को दफा १० बमोजिम गोप्य राखिन्छन् । यी विवरणहरू तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरि सामूहिक रूपमा मात्र प्रकाशित गरिन्छ । अन्य कुनै पनि निकायमा प्रमाणको रूपमा यस्ता व्यक्तिगत विवरणहरू उपलब्ध गराइँदैन ।

- **सर्वेक्षणको छनौटमा परेका घरपरिवारको के भूमिका हुन्छ ?**

सर्वेक्षणको छनौटमा परेको गणना क्षेत्रका घरपरिवारको निकै महत्त्वपूर्ण भूमिका रहन्छ । तथ्याङ्कलाई विश्वसनीय र गुणस्तरीय बनाउन घरपरिवारले दिएको विवरणको नै भूमिका हुने भएकाले सर्वेक्षणमा सोधिने प्रश्नहरूको बारेमा घरपरिवारका सदस्यले सही र वास्तविक विवरण दिनुपर्छ । अनुमान वा अन्दाजका आधारमा कुनै विवरण दिनु हुँदैन ।

तथ्याङ्क ऐन, २०७९ को दफा ५ को उपदफा (४) बमोजिम माग गरिएको सूचना राष्ट्रिय तथ्याङ्क कार्यालयलाई उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुन्छ ।

- **राष्ट्रिय तथ्याङ्क कार्यालय कस्तो निकाय हो ?**

तथ्याङ्क ऐन, २०७९ को दफा २३ अनुसार स्थापित राष्ट्रिय तथ्याङ्क कार्यालय नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको सङ्घीय सरकारी निकाय हो । नेपालको आधिकारिक तथ्याङ्कको केन्द्रीय निकायको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहेको छ । यस कार्यालयले नियमित रूपमा गणना सर्वेक्षण तथा प्रशासनिक अभिलेख विधिको प्रयोगबाट देशको आवश्यकताअनुसारको सामाजिक आर्थिक क्षेत्रको तथ्याङ्क उत्पादन गर्दै आएको छ । हरेक १०/१० वर्षमा राष्ट्रिय जनगणना, राष्ट्रिय कृषिगणना ५/५ वर्षमा आर्थिक गणना, विभिन्न समयमा नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण लगायत विभिन्न गणना तथा सर्वेक्षण सञ्चालन गर्दै आएको छ । वार्षिक तथा त्रैमासिक रूपमा राष्ट्रिय लेखाको अनुमान तथा प्रादेशिक राष्ट्रिय लेखा अनुमान मूल्य तथ्याङ्क लगायत अन्य कार्य नियमित गर्दै आएको छ ।

### सहयोगका लागि अनुरोध

*नेपाल श्रमशक्ति सर्वेक्षणको तथ्याङ्क सङ्कलनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट खटिई आउने कर्मचारीहरूलाई सहयोग गर्नु सबैको कर्तव्य हो । यसरी सङ्कलित विवरण तथ्याङ्क ऐन, २०७९ को दफा १० अनुसार गोप्य रहनुको साथै तथ्याङ्कीय प्रयोजनका लागि सामूहिक रूपमा मात्र प्रकाशन गरिन्छ । नेपाल श्रमशक्ति सर्वेक्षण २०८२/८३ को तथ्याङ्क सङ्कलन गर्न यहाँको टोल, घरपरिवारमा आउने कर्मचारीहरूलाई सत्य तथ्य विवरणहरू उपलब्ध गराई सर्वेक्षण कार्यलाई सफल बनाउन सम्पूर्ण व्यक्ति, संस्था तथा सुमदायलाई राष्ट्रिय तथ्याङ्क कार्यालय हार्दिक अनुरोध गर्दछ ।*

***उन्नत तथ्याङ्क, उन्नत जीवन***

*Better Data, Better Lives*


**सुझाव तथा जानकारीका लागि सम्पर्क :**

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौँ

फोन नं : ०१-५३२९४०६, ५३४५९४७

इमेल: info@nsonepal.gov.np

वेबसाइट: www.nsonepal.gov.np


# नेपाल श्रमशक्ति सर्वेक्षण २०८२/८३

(Nepal Labour Force Survey 2026/27)

## सङ्क्षिप्त परिचय


**नेपाल सरकार**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौँ

- **नेपाल श्रमशक्ति सर्वेक्षण के हो ?**

  राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालको श्रम तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले सञ्चालन गर्ने एक प्रकारको घरपरिवार सर्वेक्षण हो। यस सर्वेक्षणबाट सन्दर्भ अवधिको रोजगारी, बेरोजगारी, बेरोजगारी दर, अर्धबेरोजगारी, श्रमको अल्पउपयोग, बालश्रम, बाध्यकारी श्रम जस्ता महत्त्वपूर्ण श्रम तथ्याङ्क उपलब्ध हुन्छ ।

- **नेपाल श्रमशक्ति सर्वेक्षण किन आवश्यक छ ?**

  देशमा श्रम तथा रोजगारसम्बन्धी नीति, योजना तथा कार्यक्रम निर्माण गर्न, कार्यान्वयन गर्न तथा अनुगमन तथा मूल्याङ्कनका लागि, अनुसन्धान गर्न, दिगो विकासका श्रमसँग सम्बन्धित लक्ष्यको अनुगमन गर्न अद्यावधिक श्रम तथ्याङ्कको आवश्यकता र महत्त्व रहेको छ। सङ्घीयताको कार्यान्वयन पश्चात देशका तीनै तहका सरकारमा विभिन्न क्षेत्रको खण्डीकृत तथ्याङ्कको माग बढ्दो छ । यस आवश्यकतालाई पुरा गर्न नेपालमा श्रमशक्ति सर्वेक्षण आवश्यक छ। यसै अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपाल श्रमशक्ति सर्वेक्षण २०८२/८३ सञ्चालन गर्दै छ ।

- **नेपाल श्रमशक्ति सर्वेक्षण २०८२/८३ का उद्देश्यहरू के के हुन् ?**

  नेपाल श्रमशक्ति सर्वेक्षण २०८२/८३ का उद्देश्यहरू निम्नानुसार रहेका छन्:

  - देशमा रहेको रोजगारी, बेरोजगारी, श्रमिकहरूको प्रकार, काम गर्ने घण्टा, कामको प्रकृति, शिक्षा, सीप, आदिको अवस्था बारे जानकारी दिने,
  - स्वयंसेवाको काम, बाध्यकारी श्रम, बालश्रम तथा जोखिमयुक्त काम र समय उपयोगसम्बन्धी विस्तृत तथ्याङ्क उपलब्ध गराउने,
  - अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य श्रम तथ्याङ्क उपलब्ध गराउने,
  - दिगो विकास लक्ष्यका श्रम तथ्याङ्कसँग सम्बन्धी सूचकहरू उत्पादन गर्ने,
  - सोह्रौँ योजनाले लिएका श्रमसँग सम्बन्धित लक्ष्यहरूको अनुगमनका लागि तथ्याङ्क आपूर्ति गर्ने, र
  - मानव स्रोतसम्बन्धी नीति तथा योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्न र विगतका श्रम सम्बन्धी नीति तथा कार्यक्रमले पारेको प्रभाव मापन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने ।

- **नेपाल श्रमशक्ति सर्वेक्षण २०८२/८३ कहिले सञ्चालन हुँदैछ ?**

  नेपाल विगतदेखि नै श्रमशक्ति सम्बन्धी तथ्याङ्क उत्पादन गर्ने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपाल श्रमशक्ति सर्वेक्षण सञ्चालन गर्दै आएको छ । नेपाल श्रमशक्ति सर्वेक्षण पहिलो पटक वि.सं. २०५५/५६, दोस्रो पटक वि.सं. २०६४/६५ र तेस्रो पटक वि.सं. २०७४/७५ मा सञ्चालन भएको थियो। देशमा उपलब्ध श्रम तथ्याङ्क अद्यावधिक गर्नका लागि आ.व. २०८२/८३ मा शुरु हुन लागेको श्रमशक्ति सर्वेक्षण चौथो शृङ्खला हो। यो सर्वेक्षणको स्थलगत कार्य २०८२ फागुन अन्तिम हप्ता देखि २०८३ फागुन तेस्रो हप्तासम्म सञ्चालन हुँदैछ ।

- **नेपाल श्रमशक्ति सर्वेक्षणको क्षेत्र तथा दायरा के हो ?**

  नेपाल श्रमशक्ति सर्वेक्षण चौथो देशव्यापीपमा सञ्चालन हुने बृहत् घरपरिवार सर्वेक्षण हो। यस सर्वेक्षणमा गणनाको एकाइ घरपरिवार (Household) लाई मानिएको छ । अक्सर बसोवासको अवधारणा अनुरूप घरपरिवार र ती घरपरिवारमा बसोबास गर्ने सदस्यहरू यस सर्वेक्षणको लक्षित जनसङ्ख्या हो । मुलुकभरका छनौटमा परेका घरपरिवार र घरपरिवारका सदस्यहरूको श्रम,रोजगार र अन्य सामाजिक तथा जनसाङ्ख्यिक विवरण यस सर्वेक्षणमा सङ्कलन गरिन्छ ।

  ब्यारेक, छात्राबास जस्ता संस्थागत घरमा सामूहिक रूपमा एउटै मेसमा खाना खाने घरपरिवार, विदेशी कुटनैतिक नियोग भित्रका घरपरिवार, शरणार्थी शिविरमा बस्ने तथा निश्चित बसोवासको ठेगान नभएका व्यक्तिहरू यस सर्वेक्षणको दायरामा पर्दैनन् । तर संस्थागत घरमा अक्सर बसोबास गर्ने घरपरिवार यस सर्वेक्षणको दायरा भित्र पर्छन् ।

- **नेपाल श्रमशक्ति सर्वेक्षणको तथ्याङ्क सङ्कलन कुन कुन क्षेत्रमा गरिन्छ ?**

  नेपाल श्रमशक्ति सर्वेक्षण नमुना विधिमा आधारित घरपरिवार सर्वेक्षण हो । यस सर्वेक्षणमा Two Stage Stratified Sampling Method अवलम्बन गरिएको छ । यस सर्वेक्षणबाट सात ओटा प्रदेशका ग्रामीण र सहरी क्षेत्र तथा काठमाडौँउपत्यका सहरी क्षेत्र गरी जम्मा १५ ओटा विश्लेषणात्मक क्षेत्र (Analytical domain) को श्रमसम्बन्धी सूचकहरू प्राप्तय हुने गरी नमुना छनौट गरिएको छ । यो सर्वेक्षणमा छ ओटा प्रदेशमा ग्रामीण र सहरी क्षेत्र गरी दुई/दुई ओटा विश्लेषणात्मक क्षेत्र रहेका छन् भने बागमती प्रदेशमा काठमाडौँ उपत्यका सहरी क्षेत्र र बाँकी भूगोललाई अन्य प्रदेशमा जस्तैः ग्रामीण र सहरी क्षेत्रमा बाँडी तीन ओटा विश्लेषणात्मक क्षेत्र रहेका छन्। यहाँ, काठमाडौँ उपत्यका सहरी क्षेत्रमा काठमाडौँ र भक्तपुरको सम्पूर्ण भूभाग तथा ललितपुर जिल्लाको नगरपालिका क्षेत्र समावेश गरिएको छ । सर्वेक्षणमा यी १५ ओटा विश्लेषणात्मक क्षेत्रबाट सर्वेक्षणका लागि ९२० प्राथमिक इकाई (Primary Sampling Unit) बाट २०/२० घरपरिवार छनौट गरी कुल १८,४०० घरपरिवारसँग प्रत्यक्ष अन्तर्वार्ता गरी तथ्याङ्क सङ्कलन गरिनेछ । छनौटमा परेका क्षेत्रमा मात्र तथ्याङ्क सङ्कलनको कार्य गरिन्छ ।

- **सर्वेक्षणमा सङ्कलन गरिएका विवरणहरूको गोपनीयता सम्बन्धी कस्तो प्रावधान रहेको छ ?**

  राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने हरेक गणना तथा सर्वेक्षणहरूमा सङ्कलित विवरणहरूको गोपनीयताका सम्बन्धमा विशेष ध्यान दिइएको हुन्छ ।